# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड १०) केराबारी, बैशाख ०८ गते,२०८३ साल (संख्या ०२

### भाग — २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम केराबारी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**केराबारी गाउँपालिकाको खेलकुद सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३**

**प्रस्तावना** : केराबारी गाउँपालिकाको खेलकुद सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

केराबारी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम " केराबारी गाउँपालिकाको खेलकुद सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **केराबारी गाउँपालिकाको खेलकुद सञ्चालन कार्यविधि, २०७८ को परिच्छेद ११ मा संशोधन** : (१) केराबारी गाउँपालिकाको खेलकुद सञ्चालन कार्यविधि, २०७८ (यस पछि "मूल कार्यविधि" भनिएको) को परिच्छेद ११ को ११.४ को सट्टामा देहायको ११.४ राखिएको छ,-

११.४ कुनै खेल प्रशिक्षणका लागि सम्झौता अनुसार सेवा सुविधा पाउने गरि एक जना प्रशिक्षक र एक जना सहायक प्रशिक्षक सेवा करारमा नियुक्त गर्न सकिनेछ ।

(२) केराबारी गाउँपालिकाको खेलकुद सञ्चालन कार्यविधि, २०७८ (यस पछि "मूल कार्यविधि" भनिएको) को परिच्छेद ११ को ११.४ पछि देहायको दफाहरु थप गरिएको छ, -

११.४ क. उपदफा (११.४) बमोजिम नियुक्त प्रशिक्षक र सहायक प्रशिक्षकलाई कार्यपालिकाले तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

११.४ ख. उपदफा (११.४) बमोजिम नियुक्त प्रशिक्षकको सेवा करार अवधी एक बर्षको हुनेछ । कार्य सन्तोषजनक भएमा त्यस्तो सेवा करार अवधी थप गर्न सकिनेछ ।

११.५ ख. उपदफा (११.४ क) बमोजिमको प्रशिक्षकको नियुक्तिको योग्यता तपसिल बमोजिम हुनेछ, -

क. नेपाली नागरिक हुनुपर्नेछ ।

ख. एक्काइस बर्ष पुरा भएको भएको पैतालिस बर्ष ननाघेको,

ग. मान्यता प्राप्त निकायबाट खेलकुद प्रशिक्षणका लागि प्रशिक्षकको प्रमाण पत्र प्राप्त भएको,

घ. स्थानीयवासीलाई प्राथमिकता दिइने,

११.४ ग. उपदफा (११.४) बमोजिमको प्रशिक्षकको नियुक्ति गर्दा प्रशिक्षक हुन चाहने व्यक्तिहरुका लागि न्यूनतम सात दिनको सार्वजानिक सूचना प्रकाशन गरी निवेदन माग गर्नुपर्नेछ ।

(३)"मूल कार्यविधिको परिच्छेद ११ को ११.५ पछि देहायको दफाहरु थप गरिएको छ, -

११.५ क. प्रशिक्षकलाई प्रशिक्षण सामाग्रीको हकमा न्यूनतम आवश्यक सामाग्री गाउँपालिकाले उपलब्ध गराउनु पर्नेछ ।

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत